प्रधानमन्त्री

काठमाडौं, नेपाल

# शुभकामना

**"निजामती कर्मचारीको प्रतिवद्धताः पारदर्शिता र चुस्तता"** भन्ने मूल नाराका साथ यस वर्ष मनाउन लागिएको **चौधौं निजामती सेवा दिवस**को उपलक्ष्यमा यस सेवामा आवद्ध सम्पूर्ण निजामती कर्मचारीहरूलाई शुभकामना दिन चाहन्छु । देश विकास र नागरिकको सेवामा समर्पित यो सेवाले विगत देखि नै स्थायी सरकारको भूमिका निर्वाह गर्न सफल भएको तथ्यलाई म यस अवसरमा स्मरण गर्न चाहन्छु । छ दशकभन्दा लामो ईतिहास रहेको नेपालको निजामती सेवाले देश विकास र नागरिक सेवामा समर्पित हुनपर्ने आफ्नो दायित्वलाई समेत मनन् गर्दै आइरहेको छ ।

देशमा संघीयताको कार्यान्वयनको क्रममा हालै सम्पन्न स्थानीय तहको निर्वाचनमा यस सेवामा आवद्ध राष्ट्रसेवक निजामती कर्मचारीहरूबाट भएको योगदानलाई समेत म यस अवसरमा सम्मान गर्न चाहन्छु । साथै आसन्न बाँकी स्थानीय तह तथा प्रदेश एवम् संघीय संसदको निर्वाचनलाई पनि सदाझै निष्पक्ष, शान्तिपूर्ण र व्यवस्थित बनाउने कार्यमा सबै निजामती कर्मचारीहरूले आ-आफ्नो तह र क्षेत्रबाट सघाउ पुर्‍याउनेमा नेपाल सरकार विश्वस्त रहेको छ । देशमा विद्यमान राजनीतिक तथा प्रशासनिक संक्रमणकालको व्यवस्थापन, सेवा प्रवाहको निरन्तरता एवम् विकास व्यवस्थापनमा अहम् भूमिका निर्वाह गर्दै आइरहेको यस सेवाले आफ्नो भूमिकालाई अझ सक्षम, सेवाग्राहीमैत्री र प्रभावकारी बनाउनुपर्ने अवस्था आएको मैले महशुस गरेको छु ।

अन्त्यमा, **निजामती सेवा दिवस-२०७४** ले नागरिकलाई प्रदान गरिने सेवा प्रवाहमा प्रभावकारिता, राज्यका तीनवटै तहमा सेवा प्रवाहको सुनिश्चितता, नागरिकप्रतिको जवाफदेहितामा बृद्धि जस्ता पक्षहरूमा निजामती सेवामा रहेका सबै राष्ट्रसेवक कर्मचारीहरूको थप ध्यानकेन्द्रीत गर्न प्रेरित गर्ने अपेक्षाका साथ यस अवसरमा सबै निजामती राष्ट्रसेवकहरूलाई बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

जय नेपाल ।

भदौ, २०७४

शेरबहादुर देउवा